# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-४६ | २०७७ असार १० गते बुधबार | 24 June 2020 Wednesday | मूल्य रू. १०/-


## रोजगारिमुलक कार्यक्रमलाई प्राथमिकता

**मिसन न्यूज**

**कालिकोट**

कालिकोट जिल्लाको पचालझरना गाउँपालिकाको छैटौ गाउँसभाको भएको छ। मेरो आगन मेरो पहिचान भन्ने नाराका साथ पचालझरना गाउँपालिकाले आ.व २०७७/०७८ को निति तथा कार्यक्रम प्रस्तुत गरेको छ। पचालझरना गाउँपालिका अध्यक्ष खड्गराज सेजुवालले आगामि आवको निति तथा कार्यक्रम प्रस्तुत गर्दै एकहजार यूवाहरुको समुहमा श्रमकेन्द्र गठन गरि पालिकामा रोजगारि श्रजना गर्ने, सबै नागरिकहरुको बिमा गर्ने,कामदारहरुको दैनिक ज्याला बैंक खाता मार्फत भुक्तानि दिने, अन्तरपालिकाको सिमानामा जोड्ने सडकलाइन विस्तार गर्ने, पालिकाका नागरिकलाई आवात जावतमा समस्या हुन नदिन पालिकामा मिनिवस संचालन गर्ने, जारकोट स्थित कर्णाली नदिमा बेलिबृज निमार्ण गर्ने, पचालझरनाको पर्यटन प्रबद्धनलाई व्यवस्थित बनाउन विभिन्न सास्कृतिक गतिविधि र विद्यार्थिलाई पत्रकारिता तालिमको व्यवस्थापन गर्ने, शिक्षा, युवास्थ्य, कृर्षिलाई आधुनिकरण गरेर लैजान विभिन्न खालका कामहरु संचालनमा जोडदिने लगायतका कार्यक्रमहरु प्रस्तुत गरियको छ। यस्तै गाउँपालिकाको आगामि आर्थिक बर्षको बजेट प्रस्तुत गाउँपालिका उपाध्यक्ष तारा न्यौपानेले गर्नुभएको हो । संघिय सरकारबाट राजश्व



छैटो गाउँसभामा वोल्दै पचालझरना गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत। तस्विर : मिसन न्यूज

बाडफाड, संघिय सरकारबाट वित्तिय समानिकरण अनुदान,सशर्त अनुदान संघिय सरकार, संघिय सरकार बिशेस अनुदान,वित्तिय समानिकरण अनुदान प्रदेश सरकारबाट, सशर्त अनुदान,राजश्व अनुदान, समपुरक अनुदान, बिशेस अनुदान प्रदेश सरकार, बहुक्षेत्रिय पोषण, सामाजिक सुरक्षा भक्ता, आन्तरिक आम्दानि शिर्षकमा गरि पालिकाको कुल ३७ करोड ६९लाख ५२ हजार १७० को बजेट ल्यायको छ । कार्यक्रममा जनप्रतिनिधि,विषयगत शाखाका कर्मचारि लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

**बाँकी ८ पेजमा.....**

## खाँडाचक्रले ल्यायो ६२ करोड, २० लाखको बजेट

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको खाँडाचक्र नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ को लागि ६२ करोड, २० लाख ८५ हजार आठ सय रुपैयाँको महत्वाकांक्षि बजेट ल्याएको छ । कृर्षिक्षेत्रलाई प्रथामिकता राखेर बजेट सार्वजनिक गरेको नगर उपप्रमुख विजया बिष्टले बताईन् । खाँडाचक्रले, खाद्या सुरक्षा, तथा खाद्य सम्प्रभुताको मौलिकहकलाई कार्यान्यवन गर्न नगरपालिकाले बाँझो जमिन सदुपयोग गर्ने कार्यक्रम अघि सारेको छ।

कृषी क्षेत्रलाई व्यवसायिक करण गर्न, किसानहरुलाई लागत सझेदारिमा प्रर्वदन गर्ने, साना व्यवसायिक कृर्षि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यक्रमका लागि लक्षित वर्गले ७० प्रतिशत अनुदान पाउने छन्। नगरपालिका भित्रका नागरिकहरुले दुई छोरीमै बन्ध्याकरण गरेमा एकलाख पुरस्कार दिने गत वर्षको कार्यक्रमलाई यो वर्ष पनि निरन्तत्रा दिने गरि वजेट विनियोजन गरिएको छ। नपाले स्वास्थ्य क्षेत्रमा कोभिड १९ को रोकथाम र न्युनिकरणका लागि आवश्यक वजेट विनियोजन गरिनुका साथै दृर्घरोगीहरुको लागि



पनि आवश्यक उपचार शिविरको लागि पनि वजेट विनियोजन गरेको छ। यस्तै खानेपानी र सरसफाईमा पनि ऐतिहासिक ढुङ्गेधारा कुवा पोखरी जस्ता मुहानहरुको व्यवस्थापन सम्बन्धि वृहत खानेपानी निर्माण योजना अघि सारेको छ। यस्तै बालवालिकाहरुको हक हितको लागि बालवालिका जोखिम कोष खडा गर्ने नीतितथा कार्यक्रम ल्याएको छ।

## लकडाउनमा मनपरी भाडा असुल्दै

डोल्पा-जिप व्यवसायीले डोल्पामा मनपरी रुपमा भाडा असुल्न थालेका छन्। डोल्पाभित्र सञ्चालन हुँदै आएका जिप व्यवसायीहरुले सदरमुकाम दुनै आवतजावत गर्ने यात्रुबाट आफू खुशी भाडा असुल्दै आएका छन्। त्रिपुरासुन्दरी नगरपालिकामा पर्ने सुँपानीदेखि सदरमुकाम दुनैसम्म १४ किलोमिटर दूरीमा जिप भाडा ८०० रुपैयाँ लिने गरेको यात्रुहरुको गुनसो छ । 'दुनै आउनजान गरेर भाडामात्रै १६ सय तिर्नुपर्ने बाध्यता छ,' त्रिपुरासुन्दरी-१ का भरुन सार्कीले भने, 'अरु खाना खाजा जोडेर तीन हजार नै खर्चहुन्छ।' आर्थिक मसान्तमा विकास योजनाको भुक्तानी, उपचार का लागि जिल्ला अस्पताल आउनेहरु लकडाउनको अवधिमा भए पनि ओहोर दोहोर गर्दै आएका छन्। व्यवसायीले दुनै-सुँपानी, सुँपानी-दुनै, दुनै-जुफाल र जुफाल-दुनै सडकखण्डमा जिप सञ्चालन गर्दै आएका छन् । जिल्ला प्रशासन कार्यालय डोल्पाले कोरोना भाइरसको सम्भावित संक्रमणलाई ध्यान दिँदै जिपमा पनि सामाजिक



दूरी कायम गर्दै तीनजनासम्म यात्रु बोक्न पाउने व्यवस्था गरेको छ। तर, यातायात व्यवसायीले प्रशासनको नियमलाई उल्लंघन गर्दै छजनासम्म यात्रु ओसार्दै आएका छन्। सामान्य अवस्थामा जस्तै छजनासम्म यात्रु बोके पनि लकडाउनको कारण देखाउँदै भाडा भने प्रतिव्यक्ति ८०० रुपैयाँ लिने गरेको दुनै आउँदै गरेका यात्रु रमेश परियारले गुनासो गरे ।

लकडाउनअघि एउटा जिपले छजना यात्रु बोक्न पाउने र प्रतिव्यक्ति भाडा ३५० रुपैयाँ कायम गरिएको थियो । डोल्पाका जिप चालकहरुको व्यवहारले ट्राफिक प्रहरी पनि हैरान भएका छन्। उनीहरुले नियमविपरीत आफू खुशी जिप सञ्चालन गर्ने र कारवाही गरे आइलाग्न थालेपछि ट्राफिक प्रहरीलाई नियमन गर्न हम्मेहम्मे भएको हो। यस क्षेत्रमा निजी सवारी साधानले पनि यात्रु बोक्ने गरेको एक ट्राफिक प्रहरीले बताए। गलत गर्ने चालक र गाडीलाई कारवाही गर्न खोज्दा जनप्रतिनिधिहरुलाई फोन गर्न लगाएर दबाव दिने गरेको उनको गुनासो छ । यता प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले महँगो गाडी भाडाबारे छलफल गर्ने बताए ।

# सम्पादकीय...

## कोरोनामा अलमल किन ?

देशका विभिन्न स्थानमा समुदायस्तरमै कोरोना संक्रमण फैलिएको आशंकामा विभिन्न क्षेत्रमा पुनः लकडाउन गर्न थालिएको छ। झण्डै चार महिना लकडाउन भोगेका सर्वसाधारण नागरिकहरु पुनः लकडाउनमा जानुपर्ने मानसिकतामा देखिएका छन् । त्यत्रो लामो लकडाउन हुँदा पनि कोरोना नियन्त्रण र रोकथामको लागि पर्याप्त काम गर्न नसकेको सरकारले अहिले फेरि लडकाउन गर्दैमा अपेक्षित सुधार होला भन्नेमा भने कसैलाई विश्वास छैन । लकडाउन हुँदा भोकले मरिने र नहुँदा रोगले लाने अवस्थामा नागरिक छन्। लकडाउन आम सर्वसाधारणका लागि निल्नु र ओकल्नु भएको छ। श्रावण ७ गते लकडाउन खुलेसंगै देशैभरि आवतजावत गर्नेको संख्या र संक्रमितको दर बढेको देखिन्छ ।

सबैभन्दा बढी जनघनत्व भएको काठमाडौं उपत्यकामा पनि कोरोना संक्रमण बढेको छ। काठमाडौं उपत्यकामा संक्रमण बढ्न थालेपछि साउन १५ मै गृह मन्त्रालयले बेलुकी ७ देखि बिहान ७ बजेसम्म उपत्यका प्रवेश गर्ने नाकाबाट आवागमन पँर्ण रूपमा बन्द गर्ने निर्णय गरिसकेको छ । यस्तै उपत्यकाबाहेक जिल्ला प्रशासन कार्यालयहरूले पनि अत्यावश्यक काममा बाहेक अन्तर-जिल्ला सवारी आवागमन पास जारी नगर्न एवं बिनापास अन्तर जिल्ला आवागमन पँर्ण रूपमा बन्द गराउन सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयहरूलाई विशेष निर्देशन जारी गरिसकेको छ ।तर हाल संक्रमितहरुको संख्या दिनहुँ बढ्दै गएको सन्दर्भमा यति उपाय मात्र पर्याप्त पक्कै छैन। अहिले कोरोना संक्रमितहरुको सख्या दिनप्रतिदिन बढ्दै गएको छ। लकडाउन गर्दा समग्र आर्थिक क्षेत्र धराशयी भएको भन्दै कामदार निकाल्ने क्रम तीव्र गतिमा चलिरहेको छ। यतिबेला सरकार र सत्तारूढ दल नेकपा सरकार टिकाउने र ढाल्ने खेलमा व्यस्त छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना नियन्त्रण गर्न १० अर्ब खर्च भएको बताएपछि कुन शीर्षकमा खर्च भयो भन्दै आन्दोलन चर्किए पनि अहिलेसम्म त्यसको हिसाब-किताब सार्वजनिक गर्न सकेको छैन ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# लोपोन्मुख राजगिद्ध भेटियो

**मिसन न्यूज**
**जाजरकोट**

हिमाली गिद्ध संग विश्वमै लोपोन्मुख राज गिद्ध जाजरकोटमा फेला परेको छ । संकटापन्न अवस्थामा रहेको राजगिद्ध जाजरकोटको



बारेकोटमा फेला परेको हो । बारेकोट ८ को जंगलमा हिमाली गिद्धसँग राज गिद्ध फेला परेको पशु प्राविधिकसमेत रहेका पंक्षी संरक्षण संघका केन्द्रीय सदस्य गोविन्द सिंहले बताए । केही समयअघि बारेकोटकै वडा नम्बर १ रामीडाँडाको जंगलमा हिमाली गिद्धसँगै राजगिद्ध देखिएको सिंहले बताए । पंछी संरक्षण संघका अधिकृत कृष्णप्रसाद भुसालका अनुसार राज गिद्ध नेपालका लागि आगुन्तुक चरा हो। यसले उत्तरी धुव्रतिरका मंगोलिया र युरोपका केही देशमा गुड लगाउने गर्दछ । हिउँदमा आएर बर्षा शुरु हुनु अगावै फर्किने गर्दछ । तर वर्षा सुरु भैसक्दा पनि जाजरकोटमा रहेको गिद्ध नफर्केको पाइएको छ। आहार पाएको र स्थानीय गिद्धसँग घुलमिल भएकोले यतै बस्नु सुखद खवर भएको भुषालको भनाइ छ।

नेपालमा हरेक वर्ष २०/२५ राजगिद्ध आउने गरेका छन्। नौ प्रजातिका गिद्धमा जाजरकोटमा पाँच प्रजातिका गिद्ध पाइन्छन्।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# पार्टी, पार्टी नेतृत्व बिकास र रूपान्तरण



गौरीलाल कार्की

कम्युनिस्ट आन्दोलनको जन्म समाजमा रहेका सबैखाले विभेद र उत्पीडनहरूको अन्त्य गरी पूर्ण मानवीय स्वतन्त्रता र समानताको स्थापना गर्ने महान् उद्देश्यका साथ भएको हो। त्यसैले कम्युनिस्ट पार्टीको अन्य पार्टीकोभन्दा अलग्गै पहिँचान हुनुपर्दछ। कम्युनिस्ट पार्टीमा व्यक्तिगत होइन, सामुहिक आधिपत्य र श्रमजीवी सर्वहारा वर्गको वर्चस्व हुन्छ। समाजमा भएका सबै प्रकारका शोषण र असमानताको अन्त्य गरेर समाजवाद तथा साम्यवादी समाजको स्थापना गर्नु नै कम्युनिस्ट पार्टीको एकमात्र उच्चस्तरीय लक्ष हो। दलीय राजनीति पुँजीवादी युगको उपज हो। सामन्तवादी युगसम्म व्यक्तिवादी राजनीति चल्यो। सामन्ती व्यवस्था हुँदासम्म राज्य सञ्चालनका निम्ति बनाइने संरचनाहरू सबै व्यक्तिवादी चरित्रका हुन्थे।

भारदारी सभा या परामर्शदात्री सभा यस्तै केही हुनसक्थे तर ती सबै व्यक्तिवादी प्रकारका हुन्थे। त्यहाँ समूहगत प्रतिनिधित्व हुँदैनथ्यो। त्यहाँ समुह भएपनि मुख्य व्यक्तिको बोलीमा निर्णय मुखरित हुन्थ्यो। समाजमा पुँजीवादी उत्पादन प्रणालीको विकास हुँदै गएपछि राजनीतिमा समूहवादको जन्म भयो। त्यही समूहवाद दलीय व्यवस्थामा विकसित भयो। सुरुमा पुँजीपति वर्गको नेतृत्वमा उसकै हित प्रतिनिधित्व गर्ने दलहरू बने। ती दलहरूले समाजको अर्को महत्त्वपूर्ण पक्षका रूपमा रहेको श्रमजीवी वर्गको हित गर्न सकेनन् या गरेनन्। त्यसैले श्रमजीवी वर्गको हित गर्ने, त्यस वर्गको पक्षमा काम गर्ने दल या पार्टीको आवश्यकता पऱ्यो। त्यही आवश्यकताले कम्युनिस्ट पार्टीको जन्म भयो। पार्टीहरू आन्दोलनबाट जन्मेका हुन् र जन्मन्छन्। सामन्ती शोषण, दमन र उत्पीडनका विरुद्धको आन्दोलनका दौरान पुँजीवादी या बुर्जुवा पार्टीहरू जन्मेका थिए भने कम्युनिस्ट पार्टी सामन्ती शोषण, दमन मात्रै होइन, पुँजीवादी शोषण, दमन र उत्पीडनका विरुद्ध समेत आन्दोलन गर्ने क्रममा जन्मेको हो। त्यसैले कम्युनिस्ट पार्टी र बुर्जुवा पार्टीहरूका बीच केही मौलिक भिन्नताहरू हुन्छन् र हुनुपर्दछ। बुर्जुवा पार्टीहरू मूलतस् राजनीतिक अधिकार र राजनीतिक परिवर्तनमा सीमित हुन्छन् र उनीहरुको मुख्य उदेश्य पुँजीवादी वर्गहितको लागि सत्ता कायम गर्ने हुन्छ भने कम्युनिस्ट पार्टीले राजनीतिक अधिकारलाई मात्रै पर्याप्त ठान्दैन र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका निम्ति समेत संघर्ष गर्दछ। अर्थात् यसलाई अर्को तरिकाले भन्नुपर्दा बुर्जुवा पार्टीहरुको मुख्य उदेश्य सत्ता प्राप्ति गर्नु हो भने कम्युनिस्ट पार्टीको मुख्य उदेश्य समाजको आमूल परिवर्तन गर्नु हो। यसर्थ कम्युनिस्ट पार्टीले समाजको आमूल परिवर्तनको लागि सत्ता कब्जा गर्दछ। उसका लागि सत्तामा पुग्नु गौण र समाज परिवर्तन मुख्य हुन आउँछ। त्यसकारण कम्युनिस्ट पार्टी राजनीतिक उदेश्य प्राप्तिमा मात्रै सिमित हुँदैन, आर्थिक, सामाजिक,न्यायीक सबै परिवर्तनको पक्षमा समेत उभिन्छ र त्यसका निम्ति संघर्ष गर्दछ। त्यसैले एउटा कम्युनिस्ट पार्टी या कम्युनिस्ट व्यक्ति हुनु भनेको श्रमजीवी जनताका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र न्यायीक अधिकारका निम्ति संघर्ष गर्ने हुनु हो। सिंगै समाजको आमूल परिवर्तनका निम्ति संघर्ष गर्ने हुनु हो। यस प्रकारको संघर्ष नगर्ने व्यक्ति वा संस्था कम्युनिस्ट होइन। समाज बदल्न नचाहने, यथास्थितिमै रमाउने र आफ्नो भलाइमा तल्लिन रहने व्यक्ति वा संस्था कम्युनिस्ट होइन र हुन सक्तैन। नेतृत्व भनेको अगुवाइ गर्ने कार्य हो। यो कार्य नीति निर्माण, निर्णय र निर्देशन मार्फत् हुन्छ। नीति निर्माणमा अगुवाइ गर्नु नेतृत्वको मुख्य कार्य हो। सहि नीति निर्माण गर्नका निम्ति वस्तुस्थितिको सही आकलन गर्नसक्ने हुनुपर्दछ। त्यसैले समाजमा विद्यमान समस्याहरूको पहिँचान गर्ने र ती समस्याहरूको समाधानका निम्ति उपाय बताउने अर्थात् नीति निर्माण गर्ने कार्यमा अगुवाइ गर्नु नै नेतृत्व हो। नीति तय गर्ने या सूत्रीकरण गर्ने, ती सूत्रीकृत नीतिहरूलाई निर्णयको तहमा पुऱ्याउने र निर्णय कार्यान्वयनका निम्ति प्रभावकारी ढंगले निर्देशन गर्ने अर्थात् प्रवक्ताको भूमिका निर्वाह गर्ने कार्य नेतृत्वको व्यावहारिक रूप हो। नेतृत्वका दुई पक्ष हुन्छन्।

एउटा वैचारिक नेतृत्व र अर्को संगठनात्मक नेतृत्व। विचार निर्माणमा अगुवाइ गर्ने कार्य वैचारिक नेतृत्व हो भने संगठन निर्माण र परिचालन गर्ने कार्य संगठनात्मक नेतृत्व हो। वैचारिक नेतृत्व र संगठनात्मक नेतृत्व एउटै व्यक्तिले गर्दा धेरै राम्रो मानिन्छ। तर त्यस्तो नहुने स्थिति पनि रहन्छ। नेतृत्वले कतिपय स्थितिमा विचार या नीति निर्माणमा अगुवाइ गर्छन् तर आफैंले संगठनात्मक नेतृत्व लिंदैनन्। कतिपय स्थितिमा कुनै व्यक्तिले विचार या नीति निर्माणमा अगुवाइ गर्न सक्तैनन् तर संगठनका निर्माण र परिचालनमा भने राम्रो भूमिका निर्वाह गर्न पनि सक्छन्। यस्तो स्थितिमा दुई पक्षमा फरकफरक नेतृत्व पनि हुनसक्छ। नेतृत्वको निर्माण व्यवहारबाट हुन्छ। उ सहि छ कि छैन भनेर जाञ्चने कसि उसको व्यवहार नै हो। विचार वा नीति निर्माण गर्ने कार्यमा र संगठनको निर्माण तथा परिचालनमा जसले अगुवाइ गर्छ वा अगुवाइ गर्नसक्ने क्षमता प्रदर्शन गर्दछ, उही नै नेता बन्दछ। त्यसैले नेता व्यवहारले जन्माउँछ। रुसी नेता प्लेखानोभले भनेका छन्, 'एउटा महान् व्यक्ति उसमा रहेको समाजका तात्कालिक ठूला-ठूला आवश्यकता हरूको परिपूर्ति गर्नसक्ने सक्षम गुणहरूको कारणले महान् हुन्छ।" उसले पहिले विकास भएका सामाजिक सम्बन्धहरुले सिर्जना गरेका सामाजिक आवश्यकताहरूको पहिँचान गर्दछ र तिनको परिपूर्तिका लागि पहल गर्दछ।' ९सेलेक्टेड फिलोसोफिकल वर्कस् भोलुम टु पेज ३१४०। नेतृत्वसम्बन्धी सवालमा बर्जुवा पार्टीहरू र कम्युनिस्ट पार्टीमा ठूलो भिन्नता हुन्छ। बुर्जुवा पार्टीहरू नेता प्रधान हुन्छन् र उनीहरूमा नेतृत्वको प्रायस् पारिवारिक चरित्र हुन्छ। त्यहाँ व्यक्तिवाद हावी भएको देखिन्छ। तर, कम्युनिस्ट पार्टीमा चाहिँ नेता प्रधान नभई नीति प्रधान हुनुपर्ने मान्यता रहेको हुन्छ। त्यसैले कम्युनिस्ट पार्टीमा नेतृत्व निर्माणको प्रक्रिया अलि फरक हुन्छ। कम्युनिस्ट पार्टीमा नेतृत्वको निर्माण व्यक्तिकेन्द्रित भएर होइन, नीति केन्द्रित भएर बन्दछ। त्यहाँ पार्टीलाई व्यक्तिको इच्छामा होइन, नीति र विधिमा संचालन गर्नुपर्दछ भन्ने मान्यता राखिन्छ। त्यसकारण नेतृत्व व्यक्तिका इच्छा, आकांक्षा पूरा गर्ने कुनै गरगहना या पोसाक होइन, त्यो त समयको माग पूरा गर्न सक्ने योग्यता, क्षमता र कुशलता हो। समाजका समस्याहरूको सही र सटिक विश्लेषण गर्नसक्ने र ती समस्याहरूको समाधानका निम्ति चुनौतीहरूको सामना गर्दै अगाडि बढ्न सक्ने र सिंगो संगठनलाई अगाडि बढाउन सक्ने योग्यता, क्षमता र कुशलता नै नेतृत्व हो। नेतृत्वमा हुनुपर्ने विभिन्न पक्षहरुमा मुख्य रूपमा प्रथम पक्ष हो, विचार तथा नीति निर्माणमा अगुवाइ गर्ने क्षमता। त्यो क्षमता भएन भने वैचारिक नेतृत्व हुनसक्तैन। वैचारिक नेतृत्व नभएर सांगठनिक नेतृत्व मात्र भयो भने त्यो प्राविधिक नेतृत्व हुन्छ र प्रभावकारी बन्न सक्तैन। नेतृत्वको दोस्रो महत्त्वपूर्ण कुरा हो, विचार प्रस्तुतिको क्षमता। राम्रो विचार छ तर त्यसलाई प्रभावकारी ढंगले आमजनतामाझ पुऱ्याउन सकिएन भने पनि काम लाग्दैन। त्यसैले नेतृत्व गर्ने व्यक्तिमा प्रभावकारी प्रस्तुतिको क्षमता हुनुपर्दछ। नेतृत्वको तेस्रो महत्त्वपूर्ण पक्ष,आचरण हो। अरू जतिसुकै गतिलो भए पनि आर्थिक र नैतिक आचरण खराब भएको व्यक्ति नेता हुन सक्तैन। यदि यस्तै खराब आचरण भएको मान्छे नेता हुन पुग्यो भने संगठनकै आचरण भ्रष्ट हुन्छ र समाप्तिको दिशातर्फ जान्छ।

नेतृत्वको चौथो महत्तवपूर्ण पक्ष कार्यशैली हो। नोकरशाही कार्यशैली भएको नेतृत्व गतिलो मानिँदैन। जनवादी कार्यशैली राम्रो मानिने शैली हो। कम्युनिस्ट पार्टीमा जनवादमा आधारित कार्यशैलीलाई राम्रो मानिन्छ। त्यसैले जनवाद र केन्द्रीयताको राम्रो संयोजन भएको कार्यशैली अवलम्बन गर्ने नेतृत्व भयो भने राम्रो हुन्छ। नेतृत्वको पाँचौं महत्त्वपूर्ण पक्ष, पहलकदमी र क्रियाशीलताको पक्ष हो। आफैं क्रियाशील नहुने र पहलकदमी नलिने नेतृत्व संगठनलाई गति दिन सक्दैन। त्यसैले नेतृत्व गर्ने व्यक्ति आफैं अत्यन्त गतिशील र पहलकर्ता हुनुपर्दछ। नेतृत्व लिने दुई माध्यममा हस्तान्तरण र प्रतिस्पर्धा दुई तरिका छन्। एउटा भइरहेको नेतृत्वले आफ्नो उत्तराधिकारीलाई नेतृत्व हस्तान्तरण गर्ने तरिका र अर्को नेतृत्वका निम्ति प्रतिस्पर्धा गर्ने र त्यस्तो प्रतिस्पर्धामा जित्नेले नेतृत्व लिने तरिका। हस्तान्तरणको प्रक्रियाबाट नेतृत्व परिवर्तन गर्दा एक व्यक्तिले छाड्ने र अर्को व्यक्तिले लिने गरिन्छ। त्यसो गर्नका निम्ति पहिलेदेखि नै नेताको उत्तराधिकारी तयार गर्दै गएको हुनुपर्दछ। त्यसरी नेतृत्व परिवर्तन गर्दा छाड्ने र लिने व्यक्तिहरूको प्रमुख भूमिका रहन्छ। अरूको खासै भूमिका रहँदैन। यस प्रक्रियाबाट जाँदा नेतृत्व निर्माणमा कार्यकर्ताको भूमिका रहन पाउँदैन। नेतृत्वपंक्तिमा पहिलो नम्बर नेताको उत्तराधिकारी बन्ने होड चल्छ। प्रतिस्पर्धाबाट नेतृत्व चयन गर्ने प्रक्रियामा व्यक्तिले आफ्नो योग्यता, क्षमता र पहलकदमीको आधारमा नीति निर्माण गरि प्रस्ताव लैजाने र त्यसलाई अनुमोदनको लागि कार्यकर्ताको मन जितेर नीति सहितको नेतृत्व लिने काम हुन्छ। यस प्रक्रियामा नेतृत्व चयनमा कार्यकर्ताको सक्रिय र निर्णायक भूमिका रहन्छ। कम्युनिस्ट पार्टीले यहीं माध्यमबाट नेतृत्व छनौट गर्ने प्रचलन छ। नेतृत्व छनौट प्रक्रियामा हस्तान्तरण होस् वा प्रतिस्पर्धाबाट छनौट होस्, नेतृत्व लिन चाहने व्यक्तिको योग्यता, क्षमता, कुशलता, क्रियाशीलता, कार्यशैली र आचरण जस्ता विषय उठ्नु स्वभाविक हो। साथै मापदण्डको कुरा पनि उठ्छन्। नेतृत्व कस्ताले र कसले गर्ने रु यो छनौट जटिल कुरा हो। त्यसकारण प्रक्रिया भन्दापनि नेतृत्व समय परिस्थिति अनुसार रुपान्तरण भएको छ कि छैन त्यो महत्वपुर्ण कुरा हो। हामीले जनता वा जन अपेक्षाबाट समेत धेरै सिक्नुपर्ने आवश्यकता छ। मुलुकको वर्तमान राजनीतिक नेतृत्वप्रति आम नेपाली जनताले गरिरहेका आलोचना र टिप्पणीतर्फ ध्यान दिने हो भने मुख्य सवाल अहिलेको प्रमुख नेतृत्व पंक्ति रूपान्तरित हुन सकेन भन्ने हो। केहि राजनीति परिवर्तन भयो तर मुख्य राजनीतिक नेतृत्वको चरित्र बदलिएन, त्यसको स्वभाव, क्रियाकलाप र गुणमा परिवर्तन आएन भन्ने हो। आन्दोलन, दस्तावेज र लेखमा राम्रै योग्यता, क्षमता र कुशलता प्रदर्शन गरेको नेतृत्वले परिस्थिति अनुसार, त्यो आन्दोलन, दस्तावेज र लेख अनुसार आफ्नो व्यवहार रुपान्तरण गर्न सकेनन् भन्ने आम जन गुनासो छ। मंचमा उभिएर भाषण गर्दा कति राम्रो, प्रगतिशील, समानता र जुझारु तर व्यवहारमा लागु केहि पनि छैन। त्यसैले आवश्यकता अनुरूप आफूलाई बदल्न नसक्दा या रूपान्तरित हुन नसक्दा नयाँ परिस्थितिका नयाँ चुनौतीहरूको सामना गर्न र अपेक्षित ढंगले कार्यसम्पादन गर्ने क्षमता देखाउन सकेन भन्ने कुरा हो। दशकौंदेखि एउटै तरिका र एउटै कार्यशैलीले कुशल नेतृत्व बन्न सकिँदैन भन्ने हो। मानौं, पार्टी सिद्धान्त सही छ, विचार सही छ, नीति सही छ, तर पनि पार्टी किन भने जसरी अगाडि बढ्न सकिरहेको छैन रु आम कार्यकर्ताको गुनासो छ कि शीर्षस्थ नेताहरू आत्मकेन्द्रित भए, पार्टीको हितलाई भन्दा आफ्नो निजी हितलाई र आफ्नो वरिपरि घुम्ने केही निश्चित मान्छेहरूको हितलाई प्राथमिकता दिए तर समाज परिवर्तनको मुद्दालाई केन्द्रबिन्दुमा राखेर काम गर्न सकेनन्। त्यसैले आजको आवश्यकता नेतृत्व हस्तान्तरणको भन्दा पनि रूपान्तरणको हो। नेतृत्व हस्तान्तरण होस् या नहोस्, यदि नेतृत्वमा रहेको व्यक्तिवादी चिन्तन र व्यबहार जुन सामन्ती व्यवस्थामा रहन्छ, त्यो प्रवृत्ति रूपान्तरित नहुने हो, अहिलेको आत्मकेन्द्रित र व्यक्तिवादी चिन्तन र व्यवहारमा परिवर्तन नल्याउने हो भने र अहिलेको नोकरशाही चरित्रको कार्यशैलीमा परिवर्तन नगर्ने हो भने अवस्था जहाँको तही रहनेछ। नेतृत्व हस्तान्तरण होस् या नहोस् यदि रूपान्तरित भएन भने अहिलेको शीर्षस्थ नेतृत्व पंक्तिले पार्टीलाई गति दिन नसक्ने मात्र होइन ऊ आफू पनि समाप्त हुनेछ र पार्टीलाई पनि समाप्त गर्नेछ।

# वडाध्यक्ष र सचिवद्वारा वनको रकम हिनामिना

मिसन न्यूज
दैलेख

दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिका -६ का वडाअध्यक्ष र सचिवको मिलेमत्तोमा वन उपभोक्ता समितिको रकममा अनियतिता भएको छ । नगरपालिकाले नगरलाई हरियाली वनाउने उद्देश्यले ६ नम्बर वडाका वनका लागि विनियोजन बजेट वडाअध्यक्षले बखतबहादुर बोहोरा र वडासचिव लक्ष्मी विष्टले अनियमितता गरेको तथ्य खुलेको हो । एक वन एक जनप्रतिनिधी कार्यक्रम अर्न्तगत सोही वडामा आर्थिक बर्ष ०७५र०७६ मा वनपाले र वन सुधारका लागि १ लाख रकम विनियोजन गरिएको थियो ।



वडामा रहेका ५ वटा वनउपभोक्ता समितिबाट प्रतिनिधी रहने गरि गठित मुल सामुदायिक वनउपभोक्ता समितिलाई जानकारी नदिई वडाअध्यक्ष र सचिवले मिलेमत्तोमा इदुपानी वनउपभोक्ता समितिको खातामा रकम पठाई झिकेको र हालसम्म कुनै पनि वनपाले पारिश्रमिक पाएका छैनन् । इदुपानी वनउपभोक्ता समितिमा वडाअध्यक्ष र सचिवका नातागोता पर्ने मान्छे भएकोले पैसा निकाल्न सजिलो हुने हुँदा मुल समितिलाई वेवास्ता गरी गरेको मुल समितिका अध्यक्ष केशब बहादुर बोहराले बताए । उनले भने, 'वडाअध्यक्ष गएको दशैमा पैसा निकाल्नु भएको हो । अहिलेसम्म वनपाले कसैले पनि पैसा पाएका छैनन् ।' मुल समितिलाई जानकारी नदिई इदुपानीमा रकम जम्मा गर्नु नै त्यहाँका वनउपभोक्ता समिति वडाअध्यक्ष र वडासचिवको मिलेमत्तो भएको हुनसक्ने आरोप लगाए । चामुण्डाविन्द्रासैनी नगरपालिकामा ७ वटा सामुदायिक वन छन् । कालेखाँडा र वउरा सामुदायिक समितिमा वन उपभोक्ता समिति गठन गरिएको छैन । वनपाले पनि छैनन् । दुब्ले र छड्काँया वनमा उठेको राजस्व बाटै वनपाले र वृक्षारोपण गर्न सकिन्छ ।

तर तिल्यात्रा सामुदायिक वन,भोटे पोखरी,इदुपानीमा वनपाले राख्ने, वृक्षारोपण, काँटछाट गर्नुपर्ने हो । ती वनका लागि नगरपालिकाले विनियोजन गरेको पैसा वडाअध्यक्ष र सचिवले हिनामिना गरेकाले नगरपालिकाले ल्याएको नारा अधुरै रहने स्थानीयबासी उपेन्द्र बोहराले बताए । वनपाले र वनसंरक्षणको लागि आएको पैसा नेता र कर्मचारी मिलेर खान्छन् । कहाँ हरियाली नगर होला,बरु भ्रष्टाचार नगर भन्नुपर्छ,अर्का उपभोक्ता भद्रबहादुर बुढाले आक्रोश पोखे । हाम्रा काम लिएर नगरमा गएको बेला यो त्यो कागजपत्र मिलेन भनेर काम गरिदिदैनन् ।

जनताको वनसंरक्षण र वनहेरालुको लागि छुटयाइएको रकम कसरी मिल्यो । नेता कर्मचारीको मिलेमत्तोमै बदमासी भएको हो । तर वडाअध्यक्ष बखतबहादुर बोहोरा भने,आफुले रकम हिनामिना नगरेको बताउँछन् । मुल वनउपभोक्ता समितिको तत्काल खाता नहुँदा हामीले इदुपानीको वन उपभोक्ता समितिको खातामा पैसा हालेका हौं । ५ हजार लेखापरिक्षण १ हजार कन्टिजेन्सी काटेर ९४ हजार बैंकबाट निकालिएको स्वीकार गरे । 'वनपाले कसैले पनि नागरिकता ल्याउ भन्दा ल्याएनन् । पैसा मसँगै छ । उहाँहरुले नागरिकताको प्रतिलिपी ल्याएपछि पाउनुहुन्छ । काम गरेर मात्र पैसा दिने हो । काम नगरी कसरी पैसा दिने ?', उनले भने । तर मुल सामुदायिक वनउपभोक्ता समितिका अध्यक्ष केशबहादुर बोहोरा भने, 'मैले खाता खोल्नको लागि आवश्यक सबै कागजपत्र लिएर गएको भोली गरौला भन्दा काम नै गरिदिएनन् । मसान्त सकिँदा रकम फ्रिज भयो भने,आजभोली बुझ्दै जाँदा पैसा वडाअध्यक्ष र वडासचिवले हिनामिना गरेका रहेछन् ।' वडासचिव लक्ष्मी विष्टका आफन्त इदुपानीका गंगाराम विष्ट भएकाले पैसा खान सजिलो हुने देखेपछि त्यहाँ हालिएको हो बोहराले बताए ।

**स्वास्थ्य सन्देश**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप नियन्त्रणको सूचना**

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# न्यायधीशको कुर्चि आठ महिनादेखि खाली

मिसन न्यूज
मुगु

जिल्ला अदालत न्यायधीशबिहीन भएको आठ महिना भएको छ । मुगु जिल्लामा न्यायधीश नहुँदा फैसला भइहाल्नुपर्ने १६ मुद्दा रोकिएका छन् । गत मंसिरमा जिल्ला अदालतका न्यायधीश



रोमनाथ अधिकारी गएपछि अहिलेसम्म न्यायाधीश आएका छैनन् । लामो समय न्यायधीश नभएको भन्दै गुनासो बढ्न थालेको छ । लामो समय न्यायाधीश नभएपछि सुर्खेत उच्च अदालतले काजमा प्रलातकुमारी गिरीलाई खटाएको थियो । उनी चैत्रमा लकडाउन भएको कारण देखाउँदै नआएपछि जिल्ला आठ महिनादेखि न्यायधीशबिहीन भएको अदालतकी श्रेस्तेदार निर्मलाकुमारी खड्काले जानकारी दिइन् । कर्णाली क्षेत्रमा खटिएका न्यायधीश दुई तीन महिना भन्दा बस्दैनन् । यो पटक भने लामो समय अदालत न्यायधीबिहीन भएको हो । अदालत खरिदार र सुब्बाको भरमा चलिरहेको भन्दै बार एसोसिएसन, कर्णलीले प्रधानन्यायधीशसँग न्यायधीश माग्ने निर्णय गरेको छ ।

नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष मिनबहादुर महतले नेपालको संविधानले न्यायधीश बिनाको अदालत परिकल्पना नगरेको बताए । न्यायधीश लामो समय नभएको महसुस भएपछि कर्णालीका कानुन व्यवसायीले प्रधानन्यायधीशसँग जिल्ला न्यायधीशको माग गर्ने निर्णय गरेको उनले सुनाए । निर्णयमा नेपाल बार निवर्तमान केन्द्रीय सदस्य पदमबहादुर शाही, अधिवक्ता नन्दबहादुर खत्री, अधिवक्ता अनिता तिमिल्सिना, अधिवक्ता खेमराज न्यौपाने, अधिवक्त अमल राज शाहीसहितको संयुक्त टोलीले लिल्लामा न्यायधीश माग गर्न पहल गर्ने उल्लेख छ ।


मुगु जिल्ला कारागार निमार्ण सुरु भएको सात वर्ष भइसकेको छ । तर भवन भने अहिलेसम्म पनि बन्न सकेको छैन । महिला कैदी भवन प्रहिरी पोष्ट निमार्ण भए पनि पुरुष कैदी राख्ने

बाँकी ८ पेजमा.....

# कोरोना संक्रमित कर्णालीमा १२ सय नाग्यो

मिसन न्यूज
कालिकोट

कर्णाली प्रदेशमा शनिबार थप ४६ जना कोरोना संक्रमित थपिएका छन् । योसँगै कर्णालीमा कोरोना संक्रमितको कुल संख्या १२ सय ४५ जना पुगेको छ । सामाजिक विकास मन्त्रालयका अनुसार




जाजरकोटका एक, दैलेखका १९ र सल्यानका २६ जना छन् । संक्रमित हुनेमा जाजरकोटको बारेकोट गाउँपालिका ५ का १ जना छन् । यस्तै दैलेखको भैरवी गाउँपालिका १ का एक जना, वडा ४ का दुई जना, गुराँस गाउँपालिका ५ का एकजना, महावु गाउँपालिका २ का तीन जना, वडा ३ का चार जना, वडा ४ र ५ का एकएक जना, वडा ६ का दुई जना तथा नौमेले गाउँपालिका ५, नारायण नगरपालिका ३ र ८ का एकएक जना छन् । त्यस्तै सल्यानको कुमाख गाउँपालिका ३ र ४ मा एकएक जना, वडा १ र ९ मा दुईदुई जना, वडा २ र ६ मा तीनतीन जना, बागचौर नगरपालिका वडा १२ मा चार जना, सिद्धकुमाख गाउँपालिका २ मा एक जना, वडा ४ मा दुई जना, त्रिवेणी गाउँपालिका १, २, ३ मा एकएक जना, त्रिवेणीकै वडा ६ र कालिकामाटी गाउँपालिका ५ मा दुईदुई जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । प्रदेश अस्पताल, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा गरिएको पीसीआर परीक्षणमा संक्रमण पुष्टि भएको मन्त्रालयका स्वास्थ्य सेवा महाशाखा प्रमुख लक्ष्मीनारायण तिवारीले जानकारी दिए । त्यस्तै आज प्रदेश अस्पताल सुर्खेतबाट सातजना, लेकबेसी नगरपालिकाको आइसोलेसन सेन्टरबाट दुई जना गरी नौ जना कोरोना संक्रमण मुक्त भएका छन् । कर्णाली हालसम्म पाँच सय १७ जना कोरोना संक्रमण मुक्त भएको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ७ हजार ४१६ नमुनाको पीसीआर टेस्ट गर्दा ३३१ जनामा कोरोना भाइरस कोभिड १९ संक्रमण पुष्टि भएको छ । यससँगै संक्रमितको संख्या ८६०५ पुगेको छ। उनीहरु मध्ये २२ जनाको मृत्यु भएको छ भने १५७८ जना डिस्चार्ज भएका छन् ।

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साँझ पख सधैं ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाँझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# दैलेखमा पीसीआर मेसिन पुग्यो

मिसन न्यूज
दैलेख

कोरोना भाइरस परीक्षणका लागि आवश्यक पर्ने स्वास्थ्यकर्मीको टोलीसहित दैलेखमा पीसीआर मेसिन आइपुगेको छ। संघीय सांसद रवीन्द्रराज शर्माको नेतृत्वमा काठमाडौंबाट मेसिनसँगै हिँडेको स्वास्थ्यकर्मी टोली आइपुगेको हो । कोरोना संक्रमणको दर तीव्र बन्दै गएपछि जिल्लामा पीसीआर मेसिन आवश्यक भएकाले सांसद शर्माको निर्वाचन क्षेत्र विकास कोषअन्तर्गत यस वर्षका लागि ठेक्का खुलाएर बचेको रु एक करोडले मेसिन खरीद प्रक्रिया थालिएको थियो। अहिले मेसिनसँगै एक हजार थान स्वाब सङ्कलन किट पनि आएको छ।



## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय
कर्णाली प्रदेश, कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# आलोपालो छोडेर गल्ति गरें : प्रचण्ड

मिसन न्यूज
काठमाडौं

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आलोपालो प्रधानमन्त्री हुने सहमति छाडेर गल्ती गरेँ भन्ने पाँच वर्ष नै अर्का अध्यक्ष केपी शर्मा ओलीलाई सरकार चलाउन दिने सहमति गरेर गल्ति गरेको बताए । त्यस्तै उता अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र बहुमतको खेल सुरु भएको भन्दै असन्तुष्टि जनाएका छन् । त्यही




महसुस भएको बताएका छन् । बुधबारदेखि सुरु भएको पार्टी स्थायी कमिटी बैठकमा उनले प्रधानमन्त्री ओलीमा अहंकार बढेको निष्कर्षसमेत निकालेका छन् । अध्यक्ष प्रचण्डले प्रधानमन्त्री ओलीमाथि कडा आक्रोश पोखेका छन् । जेठ २ को सहमतिको स्मरण गरेका हुन् । सरकार र पार्टीलाई केही फाइदा होला कि भनेर आफूले गुटबन्दी र बहुमतको खेलकै कारण अघिल्लो बैठकको पूर्वसन्ध्यामा पार्टी विभाजनको संघारमा पुगेको ओलीले बताए । बुधबारदेखि सुरु भएको स्थायी कमिटी बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं अध्यक्ष ओलीले महाधिवेशनसम्म सहकार्य गर्ने सहमतिअनुसार पार्टी नचलेको गुनासो गरेका छन् ।

# कोरोनाबाट संक्रमितको संख्या भारतमा १ लाख १८ हजार नाग्यो

एजेन्सी
नयाँ दिल्ली

भारतमा शुक्रबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख १८ हजार ४४७ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। शुक्रबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार ५८३ जना पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ४८ हजार ५३३ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ६६ हजार ३३० जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको



छ। कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ४१ हजार ६४२ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ। त्यहाँ १३ हजार ९६७ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन्। गुजरातमा १२ हजार ९०५ संक्रमति रहेका छन् । दिल्लीमा ११ हजार ६५९ जना कोरोना संक्रमित रहेका छन् । राजस्थानमा ६ हजार २२७ कोरोना भाइरस संक्रमण रहेको छ भने ३ हजार ४८५ निको भएका छन् । यस संक्रमणको कारणको १५१ जनाको मृत्यु भएको छ। मध्य प्रदेशमा ५ हजार ९८१ कोरोना भाइरस संक्रमण रहेको छ भने, २ हजार ८४३ निको भएका छन् । यस संक्रमणको कारणको २७० जनाको मृत्यु भएको छ । उत्तर प्रदेशमा ५ हजार ५१५ कोभिड -१९ को संक्रमण रहेका छ र केरलामा ६९० जनमा संक्रमण देखिएको छ। लदाखमा ४४ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ । जम्मु र काश्मिरमा १ हजार ४४९ जनामा कोरोना भाइरस संक्रमण पाइएको छ। भारतमा करिब दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ ।

कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो। भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो। दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

# साताको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| | वृष : | नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| | मिथुन : | रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| | कर्कट : | धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| | सिंह : | मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| | कन्या : | नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| | तुला : | शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| | वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| | धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| | मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| | कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| | मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

जिल्ला प्रशासन कालिकोट द.नं.१२/०७३/०७४ 'ख' वर्गको पत्रिका www.missionenews.com जि.हु.का. द.नं. ४/०७३/०७४

मिसन न्यूज
www.missionenews.com
२०७७ असार १० गते बुधबार | 24 June 2020 Wednesday 

## न्यायधीशको कुर्चि आठ.....................

भवन नहुँदा कैदी राख्न दुई दिन पैदल हिँडेर जुम्ला पठाउनुपर्छ । केही कैदीलाई बाँकेमा पठाउनु पर्ने बाध्यता भएको मुगुका डीएसपी भुवनेश्वरप्रसाद शाहले जानकारी दिए । अहिले जुम्ला कारागारमा १ महिला र १६ पुरुष गरी १७ कैदी छन् । कैदीलाई तत्काल अदालतमा हाजिर गराउनुपर्दा चार दिन समय लाग्ने बाध्यता मुगु जिल्ला प्रहरीमा रहेको छ ।


**बजार अनुगमन वा गुनासोको आधारमा हुने निरिक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापरवाहिपुर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारवाहि हुने व्यहोरा सुचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**






### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्छीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
- पशुपन्छी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**



### हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं, गरिबी न्यूनिकरण गरौं।

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**



### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सम्पर्क ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com



### बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर,६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत